# पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# कास्की

## आशयपत्र माग गर्ने सम्बन्धी सुचना

**प्रथम पटक प्रकाशित मिति : २०७९ भाद्र ०७ गते**

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीच भएको सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत यस कास्की जिल्लामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धि सूचना तथा परामर्श केन्द्र सञ्चालन गर्ने तथा **पोखरा महानगरपालिकामा** समुदाय सचेतीकरणका कार्यक्रमहरु, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमहरु सञ्चालनमा सहयोग पुऱ्याउनका लागि सञ्चालन हुन गईरहेको सुरक्षित आप्रवासन कार्यक्रम (Safer Migration Program) का लागि आवश्यक परामर्श सेवा उपलब्ध गराउन ईच्छुक, नेपालको प्रचलित नियमानुसार दर्ता भएका देहायका योग्यता पुगेका संघ, संस्था एवं कम्पनीहरुबाट उक्त सेवा उपलब्ध गराउने सम्बन्धी आशय पत्र आव्हान गरिएको छ । योग्यता पुगेका इच्छुक संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले **पन्ध्र (१५)** दिन भित्रमा यस पोखरा महानगरपालिकाको कार्यालयमा आईपुग्ने गरी निर्धारित ढाँचामा Hard Copy अथवा Egp System को address www.bolpatra.gov.np मार्फत आशय पत्र पेश गर्न सकिनेछ । आशयपत्रको ढाँचा, सुचीकरणको आधार एवं अन्य थप आवश्यक कुराहरु यस पोखरा महानगरपालिकाको वेभ साईट www.pokharamun.gov.np मा राखिएको छ ।

(१) आशयपत्रदाताको योग्यता :
क) प्रचलित कानुन अनुसार दर्ता, नविकरण भएको,
ख) मूल्य अभिबृद्धीकरमा दर्ता भएको
ग) कानुन बमोजिम प्रत्येक वर्षको कर चुक्ता गरेको
घ) प्रस्तावित कार्य सँग मिल्ने कार्यको अनुभव भएकोलाई प्राथमिकता दिइनेछ ।
(२) प्रस्तावित कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय :कम्तिमा एक बर्ष परामर्श सेवा प्रदान गर्नुपर्नेछ ।
(३) संक्षिप्त सूचीमा परेका फर्म, संस्था वा कम्पनीबाट मात्र परामर्श सेवा खरिद सम्बन्धी प्रस्ताव माग गरिनेछ ।
(४) आशयपत्रदाताले आशय पत्र साथ आशय पत्रको नमुनामा उल्लेख भए बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।
(५) आशयपत्र egp system को address www.bolpatra.gov.np/egp मार्फत online submission अथवा यस कार्यालयको खरिद शाखामा Hard Copy Submission गर्न सकिनेछ ।
(६) आशयपत्र तयार गर्ने निर्देशन आशयपत्रको ढाँचामा नै समावेश गरिएको छ । उक्त निर्देशन पालना नभएको आशयपत्र उपर कारवाहि गरिने छैन ।
(७) सुरक्षित आप्रवासन सम्बन्धि सम्पुर्ण परामर्श सेवा एउटै परामर्शदाताबाट दिनु पर्नेछ ।
८) यो सेवा प्रदान गर्नको लागि कुनै पनि व्यक्ति वा संस्था संग उप सम्झौता (sub contract) गर्न पाईनेछैन । तर रेडियो मार्फत प्रसारण हुने रेडियो जिङ्गल प्रसारण सम्बन्धी उप सम्झौता गर्न यो बुदाँले बाधा पुर्याउने छैन ।
(९) आवश्यक थप जानकारीका लागि कार्यालयमा सम्पर्क राख्नुहोला ।

.........................................

प्रमुख प्रशासकीय अधिकृत